नेपाल सरकार

# रामधुनी-भासि नगरपालिका कार्यालय

झुम्का, सुनसरी

प.स. ०७२।०७३
च.न. १८०९

मिति २०७२।०९।०७

**सुचना ! सुचना ! ! सुचना ! ! !**

रामधुनी भासि नगरपालिका झुम्का बजार क्षेत्र भित्र राजमार्गको दाया बाया समाग्रि हटाउने सम्वन्धि सुचना ।

यस नगरपालिकाको मुख्य राजमार्गको दायाँ बायाँ २५/२५ मिटर वा पक्की नला सम्म कुनै पनि पसल, पसलका सामाग्रि, निर्माण सामाग्रि, सिढि तथा कुनै पनि किसिमको भौतिक पुर्वाधारहरु नराख्न भनि नगरपालिका वाट पटक पटक सुचित गराउदै आएको तर पनि हाल सम्म उक्त कृयाकलाप नरोकिएकोले मिति २०७२ पौष ११ गते भित्र हटाउन हुन सम्वन्धि सवैको जानकारीकोलागि यो सार्वजनिक सुचना जारी गरिएको छ । तोकिएको मिति भित्र न हटाएमा नगरपलिका वाट वल पुर्वक हटाउने र हटाउन लागेको खर्च समेत सम्वन्धिहरुवाट असुल उपर गरिने व्यहोरा सम्वन्धित सबैको जानकारीकोलागि अनुरोध छ ।

साथै नेपाल सरकार मिति २०७२।०८।२४ गतेको परिपत्र अनुसार पुर्व पश्चिम राजमार्ग वरिपरि रहेको स्थानलाईसरसफाइ गरि सरसफाइ र स्वच्छता राख्ने सम्वन्धि राष्ट्रिय अभियान मिति २०७२ पौष ९ गते देखि सुरु हुने र सोहि अवसरमाा मिति २०७२ पौष १५ गते यस नगरपालिकामा राष्ट्रिय सरसफाइ अभियानताहरु आउनु हुने भएकोले उक्त अवसरमा झुम्का बजारमा र्‍याली सहितको सरसफाइ कार्यकम संचालन गर्ने भएको हुदाँ सहभागि भई उक्त कार्यकममा सफल पार्नकोलागि सम्पुर्ण नगरवासिमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

२०७२।९।६

रामधुनी भासि नगरपालिका

प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
रामधुनी-भासि नगरपालिका

सुचना ! सुचना ! ! सुचना ! ! !

रामधुनी भासि नगरपालिका लाई पुर्ण सरसफाइ वातावरणमैत्री नगरपालिका घोषणा सम्वन्धि सुचना । यस नगरपलिकालाई सन २०१७ सम्ममा पुर्ण सरसफाइ वातावरणमैत्री नगर घोषणा गर्ने योजना रहेको र उक्त अभियानलाई सफल पार्न तपसिलका कार्य गर्न गराउन सम्पुर्ण संघ सस्था, सरोकारवाल तथा नगरवासिमा नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**तपसिल**

पाच +१ को सुचक परा गरेर

**(१) चर्पीको प्रयोग**

- सवैले सधै चर्पीमा दिसा पिसाव गर्ने गरेको
- चर्पीको सरसफाइ नियमित गर्ने गरेको
- चर्पीको लागि सावुन र पानीको व्यवस्था भएको

**(ख) साबुन पानीले हात धुने बानी भएको**

- चर्पीको प्रयोग पछि
- खाना बनाउनु, खानु र खुवाउनु अघि
- कुनै फोहोर कुरा /विषादी छोए पछि तथा
- बिरामी तथा बच्चाको स्याहार गर्नु अघि र पछि साबुन पानीले मिचिमिचि हात धुने बानिको विकास भएको

**(ग) सुरक्षित पानीको प्रयोग**

- मुहान देखि मुख सम्म पानी सुरक्षित पुगोस भन्नका लागि सुरक्षा योजना लागु भएको वा छोपेको इनार/ह्याण्ड पम्प /सुरक्षित मुहानको पानी खाने गरेको वा घरायसी तहमा पानी शुद्धिकरण गरेर मात्र पिउने बानि भएको ।
- पानी पिउने, खन्याउने, राख्ने, भाडो सफा रछोपेर राखेको

**(घ) सुरक्षित खानाको प्रयोग**

- पकाउने भाडा, भान्सा सफा र सुरक्षित तथा खाना छोपेर राखेको
- खानेकुरालाई राम्ररी पकाएर खाने गरेको
- खाने कुरा भण्डारण गर्नु परेमा ५ डिग्री से. भन्दा कम तापक्रममा गर्ने गरेको अन्यथा बासी, सडेगलेको नखाने गरेको
- पकाएको र काँचो खानालाई नमिसाउने गरेको
- सुरक्षित पानी र खाद्य बस्तुको मात्र प्रयोग तथा काँचै खाने कुराहरु राम्रो संग पखालेर खाने गरेको

**(ङ) सफा घर आँगन**

- घरबाट निस्कने फोहोरको बर्गिकरण तथा व्यवस्थापन गर्ने गरेको, घरबाट निस्के फोहोर पानीको व्यवस्थापन गर्ने गरेको
- घर आँगाको सधै सफाइ गर्ने गरेको, पशु पंक्षिको लागि छुट्टै टहरा/खोर बनाई मलमुत्रको व्यवस्थापन गर्ने गरेको

- धुवाँ रहीत भान्सा कोठा

**(च) वातावरणीय सरसफाइ**

- खुल्ला दिसा मुक्त अवस्था भएको गाउँ, सफा बाटो-घाटो, चौतारा तथा अन्य सार्वजनिक स्थलहरु, घर परिवार तथा सार्वजनिक स्थलहरुमा फोहोर पानी जम्ने खाल्डो छोपिएको
- सफा खोला, नदी नालाहरु, संरक्षित पानीको मुहानहरु र वितरण प्रणालि
- बायु प्रदुषण नभएको, हरियालि वाताबरण /पार्कको व्यवस्था भएको
- बाटोघाटोमा पशु चौपाया बाध्न पूर्ण रुपमा बन्द भएको
- नालाको उचित व्यवस्थापन भएको

साथै नगरपालिकामा मिति २०७२ माघ १ गते देखि प्लाष्टिक झौला प्रयोगमा पुर्ण रुपले प्रतिवन्धित गर्ने भएकोले २०७२ पौष मसान्त सम्ममा आफु संग भएको सबै प्रकारको प्लाष्टिक झौला व्यवस्थापन गर्न सम्वन्धित सबैको जानकरीकोलागि सुचित गरिन्छ ।

रामधुनी भासि नगरपालिका

प्रमोद कुमार चौधरी
कार्यकारी अधिकृत
रामधुनी भासि नगरपालिका

सुचना ! सुचना !! **सुचना !!!**

रामधुनी भासि नगरपालिकाको स्टेन व्यवस्थापन सम्वन्धि सुचना । यस नगरपलिका मा आव जावत गर्ने भाडाका बस, टेम्पो, भ्यान, सिटि सफारी, रिक्सा तथा ठेला रिक्साले तोकिएको स्टेन (स्थान)मा मात्र रोक्नकोलागि यो सुचना जारी गरिएको छ । तोकिएको स्थानमा नरोकि अन्यत्र रोकिएको पाईएमा ट्राफिक नियमानुसारको जरिवना लाग्ने व्यहोरा सम्वन्धित सबैको जानकारीकोलागि अनुरोध छ ।

रामधुनी भासि नगरपीलका

सुचना ! सुचना !! **सुचना !!!**

भुकम्पको कारण हुने धनजनको विनास कम गर्ने उद्दश्येका साथ रामधुनी भासि नगरपालिकाले नगर क्षेत्र भित्र निमार्ण हुने भवनहरुमा भूकम्प सुरक्षात्मक प्राविधिक प्रयोग गरि नेपाल सरकारबाट स्वीकृत राष्ट्रिय भवन संहितालाई समेत समावेश गरी नक्सा स्वीकृत गर्ने व्यवस्थाका लागि निर्देशन भए अनुसारको कार्यविधिको आधारमा नक्शा स्वीकृत गरिने व्यवस्था गरिएकोछ । अत : यस नगरपलिका मा निर्माण गर्ने घरको नक्सापास गरेर मात्र घर निर्माण गर्न हुन सम्वन्धित सबैको जानकारीकोलागि यो सार्वजनिक सुचना जारी गरिएकोछ । घर नक्सापास नगराई अटेर गरि घर निर्माण गरेको पाईएमा कार्यविधिले तोके अनुसराको घर भत्काउने तथा नियमानुसारको जरिवना समेत लाग्ने व्यहोरा सम्वन्धित सबैको जानकारीकोलागि अनुरोध छ ।

रामधुनी भासि नगरपीलका